# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीवनम्  The Solukhumbu Agricultrue Activities

बर्ष १ | अङ्क ४ | माघ-फाल्गुण २०७७/७८



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

हाम्रो देश नेपालको "समृद्ध नेपाल र सुखी नेपाली" अहिलेको प्रमुख नारा हो। यसलाई आ –आफ्नो स्थानबाट पुरा गर्नू हामी सबैको दायित्व हो। उत्पादन बिनाको समृद्धिलाई कल्पना गर्न सकिदैन्। कृषि उत्पादनको प्रमुख साधनहरु भूमि, श्रम, पुँजी र यसको व्यवस्थापनको तौर तरिकाले समृद्धिको राष्ट्रिय लक्ष्यलाई परितोषण गर्दछ। हाल कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.७२ र कुल ग्राहस्थ उत्पादनको वृद्धिदर ६.२९ (आर्थिक सर्वेक्षण २०७४/७५) रहेको छ। कृषि क्षेत्रले नेपालको ठुलो स्थानलाई ओगटेको छ। कुल ग्राहस्थ उत्पादनमा लगभग २७.१० अर्थात एक तिहाई भाग कृषिको योगदान रहेको छ भने अधिकाश मानिसहरुको जिवनस्तर निर्वाह गर्न, रोजगारी तथा आयआर्जनको मुख्य स्रोत बन्न र खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्दछ। यस द्वैमासिकमा भएका गतिविधिले कृषकको ज्ञान, प्रविधि अनी सिपमा वृद्धि गर्न पूर्णरुपमा टेवा पुऱ्याउदछ।

हाल कृषि क्षेत्रको विकास गर्नको निम्ती विभिन्न विज्ञान तथा प्रविधिहरुको विकास भएता पनि कृषि क्षेत्रको प्रतिफल निकै कम भएको पाईन्छ। कृषिको बढ्दो माग र उक्त मागलाई पूरा गर्न नसक्नु निम्न त्रिपक्षीय कुराहरुले प्रत्यक्षरुपमा असर गर्दछ , जनसंख्या वृद्धि र खाने आनीबानीमा परिवर्तन, जमिनको घट्दो क्षेत्रफल, विभिन्न प्रकोप र जलवायु परिवर्तनको असर । नेपालको इतिहासमा कृषि विभागको स्थापना कालदेखि नै कृषि प्रविधि प्रसारलाई कृषि उत्पादनको एउटा प्रमुख रणनितिको रुपमा अवलम्वन गरिदै आएको हो। यस्तो परिवेशमा कृषिको उत्पादन र उत्पादकत्व बढाउन विगत देखि गरि एका अभ्यास र आगामी रणनीतिहरुको महत्वपूर्ण भूमिका रहेको पाईन्छ। नेपालको कृषि क्षेत्रको वर्तमान समस्याहरु श्रमशक्तिको अभाव, कम प्रतिस्पर्धि तथा कम फाइदाजनक, जलवायु परिवर्तन, प्रविधि विकास तथा अनुसरणको सुस्त गति र भूमि सम्बन्धीका समस्याले गर्दा खाद्य सुरक्षा तथा पोषण सुधारमा बढ्दो चुनौती भएको छ। कृषि क्षेत्रको विकास नहुनुमा कृषकको अवस्था, सरकारको नीतिनियम तथा नेपालको भौगोलिक बनौटले गर्दा प्रत्यक्ष रुपमा असर गरेको छ। सोलुखम्बु जिल्ला भौगोलीक दृष्ट्रिकोणले अति नै दुर्गम भएता पनि कृषि बस्तुहरुमा उत्पादनको सम्भावना धेरै नै छ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**
फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


## यस भित्र :-


१. आइ.पि.एम. पाठशाला संचालन
२. जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम
३. विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन
४. माटो परिक्षण शिविर संचालन
५. व्यवकसायिक बगैचाको लागि फलफुल विरुवा वितरण
६. उन्नत कृषि प्रविधि सम्बद्ध साना प्रर्दशन सामाग्री वितरण
७. माटो मिनिल्याव संचालन
८.आलु ब्लक विकास कार्यक्रमका कृषक समुहमा तालिम संचालन
९. अनुदानका कार्यक्रमहरुको अनुगमन
१०. कृषि विकास निर्देशनालयका प्रमुख लगायतका टिमको भ्रमण
- दिगो कृषि विकासको लागि असल कृषि अभ्यास

## १. आइ.पि.एम. पाठशाला संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्विकृत कार्यक्रम कृषक पाठशाला संचालन कार्यक्रम अनुसार थुलुङ दुधकोशी गाँउपालिकाको वडा नं.२ मा अवस्थित २० जना सदस्य भएको ज्वालामाई कृषक समुहमा आइ.पि.एम. पाठशाला मिति २०७७/१०/०२ गते देखि संचालन गरियो । उक्त १६ हप्ते कृषक पाठशाला संचालन कार्यक्रममा कृषक तरिका र आई.पि.एम. तरिका बाट हटबेड विधि मार्फत टमाटर, काक्रो र काउली बेर्ना राखी बेर्ना सार्न सिकाईयो । कार्यक्रम संचालन गर्ने क्रममा झोलमल बनाउन पनि सिकाईयो ।









## २. जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७७/७८ को स्वीकृत कार्यक्रम जैविक तथा वनस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम सोलुदुधकुण्ड नगरपालिका वडा नं. ६, खोरीयामा मिति २०७७/१०/१६ गतेका दिन र थुलुङ दुधकोशी गाउँपालिका वडा नं. २, कांगेलमा मिति २०७७/१०/२३ गतेका दिन झोलमल बनाउन तथा जैविक मल बनाउन २५ जना कृषकहरु लाई सिकाई, उक्त कार्यक्रम मार्फत झोलमल बनाउनको लागि प्लाष्टिक ड्रम, जीवातु, स्प्रेयर, जैविक विषादी र विषादी छर्दा प्रयोग हुने सामाग्री पनि वडा अध्यक्षको उपस्थितमा वितरण गरियो। जैविक विषादीको परिचय, महत्व र बनाउने विधि बारेमा कक्षा पनि संचालन गरियो।





## ३. विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन

कृषकहरुको समस्या र आवश्यकतालाई मध्यनजर गरि नेचासल्यान गाउपालिकाको वडा नं. १ मा मिति २०७७/१०/२० गतेका दिन र माप्य दुधकोशी गाउपालिकाको वडा नं.३ मा मिति २०७७/१०/२५ गतेका दिन प्लान्ट क्लिनिक कार्यक्रम वडा अध्यक्षको उपस्थितमा संचालन गरियो। कृषकहरुको तरकारी तथा फलफुल बालीमा लाग्ने रोग तथा किराहरु लागेको बालीको भागको अवलोकन गरि समाधानका उपाउहरु दिनुका साथै निम विषादीहरु पनि वितरण गरियो।




## ४. माटो परिक्षण शिविर संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्विकृत कार्यक्रम माटो परिक्षण शिविर माप्य दुधकोशी गाउँपालिकाको वडा नं. ३ मा मिति २०७७/१०/२५ गतेका दिन संचालन गरियो । उक्त कार्यक्रममा १०४ जना कृषकहरुको माटोको नमूना किट बक्सको माध्यमबाट परिक्षण गरिएको थियो । धेरै जसो कृषकहरुको माटोको नमूनामा नाइट्रोजन र पोटास अधिक थियो भने फस्फोरसको मात्रा कम भएको पाइयो । पि.एच. मान थोरै मात्रामा अम्लियपन थियो जसले गर्दा कृषि चुन पनि वितरण गरियो ।




## ५. व्यवसायिक बगैचाको लागि फलफुल विरुवा वितरण

यस क्रियाकलापमा सोलुदुधकुण्ड नगरपालिका, माप्य दुधकोशी, थुलुङ दुधकोशी र नेचासल्यान गाउपालिकाको कृषकको माग अनुसारको ओखरको विरुवा मिति २०७७/१०/३० गतेका दिन कृषि ज्ञान केन्द्रको सभाहलमा जिल्ला समन्वय समितिका प्रमुखको अध्क्षयता, प्रदेश सभा सदस्य माननिय बुद्धि कुमार राजभण्डारी, अथितिहरु प्रमुख जिल्ला अधिकारी, डि.एस.पि., आदिको उपस्थितीमा १४६५ ओखरका विरुवा वितरण गरियो ।





## ६. उन्नत कृषि प्रविधि सम्बद्ध साना प्रर्दशन सामाग्री वितरण

सोलुखुम्बु जिल्लाको स्थानिय तहका उत्कृष्ठ कृषक समुहहरु, पालिकाको कृषि शाखा मार्फत छनौट गरियो । उक्त उत्कृष्ठ कृषक समुहहरु लाई मिति २०७७/१०/३० गतेका दिन कृषि ज्ञान केन्द्रको सभाहलमा जिल्ला समन्वय समितिका प्रमुखको अध्क्षयता, प्रदेश सभा सदस्य माननिय बुद्धि कुमार राजभण्डारी, अथितिहरु जिल्ला प्रमुख अधिकारी, डि.एस.पि., आदिको उपस्थितीमा थोपा सिचाई, स्प्रेयर,फेरोमेन ट्र्याप, सुपर ग्रेन ब्याग, सिकेचर, जैविक विषादी, नर्सरी ट्रे आदि सामाग्री वितरण गरियो ।





## ७. माटो मिनिल्याव संचालन

कृषकको खेतबारीको माटोको नमुनालाई किट बक्स विधिबाट भए पनि माटोमा भएको नाइट्रोजन, फस्फोरस, पोटास, पि.एच. र बुनौट परिक्षण गर्ने कार्य सुरुवात सम्म गर्न सफल भइयो ।





## ८.आलु ब्लक विकास कार्यक्रमका कृषक समुहमा तालिम संचालन

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ब्लक विकास कार्यक्रम (आलु) संचालक समन्वय समिति सोलुदुधकुण्ड नगरपालिका र माप्य दुधकोशी गाउपालिका र नेचासल्यान गाउपालिका कृषकहरुलाई क्रमस मिति २०७७/११/२ गते देखि २०७७/११/४ गते सम्म, मिति २०७७/११/५ गते देखि २०७७/११/७ गते सम्म र मिति २०७७/११/१४ गते देखि २०७७/११/१६ गते सम्म आलु खेति प्रविधि सम्बन्धि तालिम कृषि ज्ञान केन्द्र सोलुखुम्बुबाट तालिम संचालन भएको थियो ।





*सोलुदुधकुण्ड नगरपालिका, माप्यदुधकोशी गाउपालिका र नेचासल्यान गाउपालिकामा आलु खेती बिषयक तालिम संचालन*






## ९. अनुदानका कार्यक्रमहरुको अनुगमन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्विकृत कार्यक्रम अन्तर्गत व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग र नमुना कृषि फार्म स्थापना सहयोग कार्यक्रमको मिति २०७७/०५/२९ गतेको सुचना अनुसार आएको कृषकको निवेदनहरुको छनौट प्रक्रियाको लागि सोलुखुम्बु जिल्लाको आठ वटा पालिकाको कृषकहरुको खेतबारीको अनुगमन तथा निरक्षण गरियो गरियो ।





## १०. कृषि विकास निर्देशनालयका प्रमुख लगायतका टिमको भ्रमण

कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा मिति २०७७/११/२० गतेका दिन कृषि विकास निर्देशनालयका प्रमुख लगायतका टिमको भ्रमण भएको थियो । निर्देशक ज्युको भ्रमण तथा अवलोकन अनुसार कृषि अनुदानका कार्यलाई सहि तरिकाबाट संचालन गर्न निर्देशन दिनु भयो ।



## दिगो कृषि विकासको लागि असल कृषि अभ्यास

**लेखक : दुर्गा बहादुर तिरुवा**

### परिचय

असल कृषि अभ्यास भनेको एक किसिमको कृषि उत्पादन पद्धति हो । हामीले उत्पादन गर्दै आईरहेको कृषि उपजलाई कसरी स्वास्थ उत्पादन गर्ने भन्ने कुरामा धेरै केन्द्रित हुन्छौ । जसमा गुणस्तरीय कृषि उत्पादनको लागि नियन्त्रण विन्दुहरुको प्रत्येक अवस्थामा पहिचान गरि नीरिक्षण जाँचको मापदण्डहरु वा निर्देशिका तयार पारिन्छ र त्यसै को अनुशरण गरि गुणस्तरीय कृषि उपज उत्पादन र बजारिकरण गर्ने गरिन्छ। यो एक किसिमको पद्धति तथा मापदण्ड पनि भएकोले समय र आवश्यकता अनुरुप परिवर्तनशिल हुन जरुरी छ। यस पद्धतिमा मानव स्वास्थ्य र वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावहरुलाई न्युनीकरण गर्ने प्रयास गरिन्छ। स्वस्थ कृषि उपजले मानव स्वास्थयलाई दिगोरुपमा स्वस्थ्य राख्ने र वातावरणलाई सुरक्षीत राख्नको निम्ती असल कृषि अभ्यासले अपिरिआर्य भूमिका निर्वाह गर्दछ। असल कृषि अभ्यासलाई पूर्णरुपमा अप्नाउने क्रममा माटो, पानी, रोग/किरा र मौसम परिवर्तन व्यवस्थापन, सामाजिक–आर्थिक सरोकारहरुमा उत्पादन लागत, मुल्य, आम्दानी र दिगो व्यवसाय विकासका पक्षहरुलाई समेट्ने गर्दछ ।

## पृष्ठिभूमि

असल कृषि अभ्यास (Good Agriculture Practice - GAP) सबै भन्दा पहिला सन् १९९७ मा युरोपबाट सुरु भएको थियो जसलाई भ्गाचयन्व्ए भन्निछ । त्यसै गरि सन् २००३ बाट ँब्इ ले पनि न्व्ए लाई अनुशरण गर्यो । सन् २००७ मा नयिदर्बा न्व्ए भन्ने आयो । र सन् २०१४ मा क्ब्च्क्ष्ृ न्व्ए भनेर आयो र नेपालमा असल कृषि अभ्यास बारेमा पहिला देखि नै कार्य हुदै आएता पनि यसको निर्देशिका वि.स. २०७५/०६/१९ मा जारी भएको हुदा त्यसै मितिलाई नै GAP को आधिकारिक मिति मान्ने गरिन्छ । अन्तर्राष्ट्रिय स्तरमा Global GAP कार्यान्वयनमा रहेको छ । एसियाका थुप्रै देशहरु र नेपालका छिमेकी देश चीन र भारतले पनि आवश्यकता र उत्पादनका व्यवधानहरुलाई आधार बनाई आ–आफ्ना राष्ट्रिय असल कृषि अभ्यासको मापदण्डहरु बनाई कार्यान्वयन गरिरहेका छन् । उदाहरणको लागि ChinaGAP, IndiGAP, JGAP (Japan), IndoGAP (Indonesia), ThaiGAP आदिलाई लिन सकिन्छ । यो मापदण्ड अपनाई उत्पादन भएका गुणस्तरीय कृषि उपजहरुको अन्तर्राष्ट्रिय बजारमा ठुलो माग रहेकोले त्यस्ता कृषि उपजहरुको निकासीबाट त्यि मुलुकहरुले ठुलो धनरासी आम्दनी गर्ने गरेका छन् । अर्कोतर्फ यी उपजहरु पर्यावरणिय र मानब स्वास्थ मैत्री भएको ले घरेलु बजारमा समेत माग बढ्दै गरेको पाईनछ । यसर्थ असल कृषि अभ्यासले कृषि उत्पादनको प्रतिस्पर्धात्मकता वृद्धि गर्नूका साथै यसले दिगो कृषिलाई समेत योगदान गर्दछ । नेपालमा पनि कृषि विकास मन्त्रायलद्धारा FAO को सहयोगमा बनाईएको SAARC GAP लाई आधार मानी NepalGAP मापदण्ड तयार गरिएको छ ।

स्वदेशी तथा विदेशी उपभोक्ताहरुलाई स्वस्थ र सुरक्षित खाद्य तथा कृषिजन्य वस्तु उपलब्ध गराउन, दिगो कृषिलाई योगदान पुर्याउन र निर्यात प्रवर्द्धनका साथै आयात व्यवस्थापन गर्न असल कृषि अभ्यासको आवश्यकता महशुस भएकोले, राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ र संयुक्त राष्ट्र संघिय खाद्य तथा कृषि संगठनले सार्क क्षेत्रका लागि तयार गरेको असल कृषि अभ्यासलाई आधारमानि बिरुवा संरक्षण नियमावली, २०६६ को नियम २१ तथा खाद्य नियमावली, २०२७ को नियम ३३ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सर कार, कृषि तथा पशुर्पक्षि विकास मन्त्रालयले नेपाल असल कृषि अभ्यास (NepalGAP) कार्यान्वयन निर्देशिका, २०७५ तयार गरेको छ । नेपाल असल कृषि अभ्यासका मापदण्ड अन्तर्गत खाद्य स्वच्छता मोड्युल, पर्यावरण व्यवस्थापन मोड्युल, उत्पादन गुणस्तर मोड्युल, कामदारको स्वास्थ, सुरक्षा र हित मोड्युल, सामान्य आवश्यकता मोड्युल गरि पाँचवटा मोड्युलहरु रहेका छन । उल्लेखित ५ वटा मोड्युलहरु मध्ये खाद्य स्वच्छता मोड्युल र सामान्य आवश्यकता मोड्युल अनिवार्य मापदण्डका रुपमा रहेका छन भने अन्य मोड्युलहरु स्वेच्छिक छन ।

## असल कृषि अभ्यास प्रमाणिकरण तथा प्रमाणिकरण निकाय

आफ्नो कृषि उत्पादन प्रणालीलाई असल कृषी अभ्यास प्रमाणिकरण गरी उत्पादकले उत्पादित कृषि उपज निश्चित मापदण्डहरु पुरा परि उत्पादन गरिएकोले स्वच्छ र सुरक्षित छ भन्ने कुरा उपभोक्ताहरुलाई सुनिश्चित गराउन सक्छ । असल कृषि अभ्यास प्रमाणिकरण गरिएको कृषि उपज राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा सजिलै प्रतिस्पर्धा गरि उचित मुनाफा दिई कृषकको आयआर्जनमा समेत वृद्धि हुने भएकोले यसको महत्व दिनानुदिन बढ्दो छ । असल कृषि अभ्यास प्रमाणिकरण स्वेच्छिक प्रमाणिरकण मापदण्ड भएकोले कानुनि रुपमा सम्पुर्ण कृषकवर्ग असल कृषि अभ्यास प्रमाणिकरण गर्न बाध्य नभएपनि इच्छुक कृषक, कृषक समुह, सहकारी वा कम्पनीले आफ्नो कृषि उत्पादन प्रणालिको असल कृषि अभ्यास प्रमाणिकरण गर्न सक्नेछन् ।

प्रस्तावित नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ अनुसार बैधानिक अस्तित्व रहेका तथा उक्त निर्देशिकाको अनुसुचि ७ बमोजिम पुर्वसर्तहरु पालना गर्ने संस्थाहरुलाई नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायका रुपमा कार्य गर्न अनुमति दिन सकिनेछ। तत्कालको लागि प्रस्तावित निर्देशिका अनुसार नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकिएको छ । इच्छुक कृषक, कृषक समुह, सहकारी वा कम्पनीले आफ्नो कृषि उत्पादन प्रणालिको असल कृषि अभ्यास प्रमाणिकरणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा रहेको असल कृषि अभ्यास प्रमाणिकरण निकायमा प्रक्रिया बमोजिम आवेदन दिन सक्नेछन्। असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ तथा उक्त निर्देशिका अन्तर्गत तयार गरिएको नेपाल असल कृषि अभ्यास प्रमाणिकरण योजना अनुरुप प्रक्रिया पुरा गरि नेपाल असल कृषि अभ्यास प्रमाणिकरण निकायका रुपमा कार्य गर्न अनुमति प्राप्त संस्थाहरुको सचिवालयको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई तोकिएको छ ।

## फाईदाहरु

-दिगो कृषि उत्पादनले सफा, स्वच्छ, ताजा, पोषिलो कृषि उपजहरु उत्पादन गरि बजार वृद्धि हुने साथै कृषि उत्पादनले राम्रो मुल्य प्राप्त गरि कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने गर्दछ ।

-खेतबारीमा काम गर्ने व्यक्तिहरुको स्वास्थमा हुन सक्ने नकारात्मक असरहरुलाई न्युनिकरण गर्ने गर्दछ ।

-स्वच्छ, सफा, ताजा तथा पोषिलो उत्पादनले उपभोक्तहरुलाई खाद्य स्वच्छताको प्रत्याभुति गराउदछ ।

-वतावरण तथा जैविक विविधता संरक्षण मार्फत पर्यावरणीय सुधार तथा संरक्षण हुन्छ ।

